# राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमप्रति शिक्षकहरूका प्रतिक्रिया

**डा. केशव भुसाल**[१]

keshabbhusal.tu@gmail.com

**सार**

*राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम नेपालका आधारभूत तह (कक्षा १-३) का विद्यार्थीहरूको पढाइ क्षमता सुधारका लागि कार्यान्वयनमा ल्याइएको कार्यक्रम हो । यो कार्यक्रम विभिन्न चरणमा कार्यान्वयन हुँदै आएको पाइन्छ । साथै यसको शैक्षणिक प्रभावकारिता पनि निकै अपेक्षा गरिएको छ । यही वस्तुतालाई हृदयङ्गम गरी प्रस्तुत लेख तयार परिएको छ । विशेषतः प्रस्तुत लेख राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमप्रति शिक्षकहरूका प्रतिक्रियाको अध्ययनमा आधारित रहेको छ । यस लेखमा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको चिनारीसहित यसप्रति अध्यापनरत शिक्षकहरूका प्रतिक्रियाको अध्ययन विश्लेषण गरिएको छ । राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको परिचय दिनु र यसप्रति अध्यापनरत शिक्षकहरूका प्रतिक्रियाहरूको अध्ययन गर्नु यस लेखका मूलभूत उद्देश्यका रूपमा रहेका छन् । प्रस्तुत अध्ययन मूलतः गुणात्मक अनुसन्धानमा आधारित रहेको छ । प्रस्तुत अध्ययनका क्रममा भक्तपुर जिल्लामा अध्यापनरत शिक्षकहरूलाई नमुनाका रूपमा लिई अध्ययनका क्रममा आधारभूत तहमा अध्यापनरत उहाँहरूको प्रतिक्रिया लिइएको छ । यसका लागि खुला प्रश्नावलीको प्रयोग गरिएको छ । यस लेखमा शिक्षकहरूबाट प्राप्त तथ्यहरूको सूक्ष्म समीक्षण गरिएको छ । साथै प्राप्त तथ्यहरूलाई व्याख्यात्मक एवम् विश्लेषणात्मक विधिका माध्यमबाट प्रस्तुत गरिएको छ ।*

**मुख्य शब्दावली** : कार्यक्रमको शैक्षणिक प्रभावकारिता, भाषाशिक्षण, राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम, शिक्षकका प्रतिक्रिया आदि ।

*१ उप-प्राध्यापक, नेपाली भाषा शिक्षा विभाग, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि. वि. कीर्तिपुर*

## १. पृष्ठभूमि

कुनै पनि भाषाको शिक्षण नै भाषाशिक्षण हो । भाषाशिक्षणमा भाषाका चार सीप : सुनाइ, बोलाइ, पढाइ र लेखाइमा विद्यार्थीहरूलाई समर्थ बनाउने ध्येय राखिएको हुन्छ तर नेपालका विद्यालय तहअन्तर्गत आधारभूत तह (कक्षा १-३) मा अध्ययनरत विद्यार्थीहरूको पढाइ स्तर अन्य देशका विद्यार्थीहरूको तुलनामा अत्यन्त कमजोर रहेको राष्ट्रिय, अन्तर्राष्ट्रिय अध्ययन अनुसन्धानहरूले देखाएपछि नेपाली बालबालिकाहरूको पढाइ क्षमता सुधारका लागि राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम लागु गरिएको पाइन्छ । विशेषतः कक्षा एकदेखि तीनसम्मका बालबालिकाको पढाइ क्षमता विकासका लागि थालिएको यो कार्यक्रमबाट नेपाली बालबालिकाहरूको पढाइ सक्षमता अन्तर्राष्ट्रिय स्तरको हुने अपेक्षा गरिएको छ । नेपाल सरकार, शिक्षा मन्त्रालायको पहल र अन्तर्राष्ट्रिय संस्थाहरूको सहयोगमा सञ्चालन गरिएको यो कार्यक्रम पञ्चवर्षीय योजनाका रूपमा सञ्चालित रहेको छ । वर्तमान सन्दर्भमा यसको शैक्षणिक प्रभावकारिता अध्ययनीय विषयका रूपमा रहेको छ । यसलाई दृष्टिगत गरी प्रस्तुत अध्ययनमा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम लागु भएका विभिन्न जिल्लामध्ये काठमाडौँ उपत्यकाको भक्तपुर जिल्लालाई अध्ययनीय जिल्लाका रूपमा लिइएको छ र राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको शैक्षणिक प्रभाव नियाल्ने प्रयत्न गरिएको छ ।

## २. अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनको मुख्य उद्देश्य राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमप्रति शिक्षकहरूका प्रतिक्रियाको विश्लेषण रहेको छ । यस अध्ययनका क्रममा प्रारम्भिक कक्षाको विद्यमान पाठ्यक्रममा निर्धारित विषय र पाठ्यभार विभाजन, स्थानीय विषय वा मातृभाषाको पठनपाठनको अवस्था, पढाइका ६ वटा तत्त्वअनुसार शिक्षण गर्न विद्यमान पाठ्यक्रमले गरेको व्यवस्था, राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको ढाँचा अनुरूप समयको व्यवस्थापन गरी पढाउँदा देखापरेका चुनौती र समाधानका उपाय, नेपाली विषयको शिक्षणका लागि घण्टी बढाउने उपाय, प्रारम्भिक कक्षाका विद्यार्थीहरूको पठन सीप विकास गर्न अवरोध एवम् सहयोग पुऱ्याउने पक्षहरू लगायतबारे पनि अनुसन्धान गरिएको छ । जसलाई यस अध्ययनका सहायक उद्देश्यका रूपमा लिइएको छ ।

## ३. अध्ययन विधि र प्रक्रिया

प्रस्तुत अध्ययन मूलतः गुणात्मक अध्ययन विधिमा आधारित रहेको छ । यस अध्ययनमा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम लागु भएका विभिन्न जिल्लाहरूमध्ये भक्तपुर जिल्लालाई अध्ययनीय जिल्लाका रूपमा लिइएको छ । प्रस्तुत अध्ययनमा आवश्यक तथ्यहरूको सङ्कलनका लागि भक्तपुर जिल्लाका दस ओटा विद्यालयलाई छनोट गरिएको छ । यस क्रममा निर्दिष्ट विद्यालयमा कक्षा एकदेखि तीनसम्म अध्यापनरत दस जना नेपाली विषयका शिक्षकहरूलाई सोद्देश्यमूलक नमुनाका रूपमा लिइएको छ । यस अनुसन्धानका क्रममा शिक्षकहरूबाट आवश्यक तथ्य प्राप्तिका लागि

खुला प्रश्नावलीको प्रयोग गरिएको छ । जसबाट प्राप्त शिक्षक प्रतिक्रियाहरूलाई व्याख्यात्मक तथा विश्लेषणात्मक विधिको प्रयोगमार्फत् विश्लेषण गरिएको छ ।

### ४. राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको परिचय

राष्ट्रिय प्रारम्भिक पढाइ कक्षा कार्यक्रम (NEGRP) सन् २०१३/०१४ मा शिक्षा मन्त्रालयको तत्त्वावधानमा USAID र RTI को प्राविधिक सहयोगमा आधारभूत खाका तयार पारिएपछि प्रयो गमा आएको हो । नेपाल सरकारको पञ्चवर्षीय कार्यक्रमका रूपमा सन् २०१४ सालबाट थालनी भएको NEGRP आधारभूत तह १-३ सम्मका बालबालिकाको पढाइ सीप विकास गर्नका लागि कार्यान्वयनमा ल्याइएको हो । शिक्षार्थीहरू विद्यालयको पहुँचभन्दा टाढा रहनु, विद्यालय पहुँचसम्म पुगेका सिकारुमा पनि विषयवस्तु बोध तथा अभिव्यक्ति गर्ने कलाको विकास नहुनु, सिकाइ शिक्षणमा गुणस्तरीयता खस्कँदो क्रममा रहनु जस्ता आवश्यकता महसुस गरी सन् २०१४ पश्चात् पढाइ सीप विकासलाई केन्द्रमा राखी कक्षागत गतिविधि सञ्चालन गर्नु पर्ने दृष्टि कार्यान्वयनमा आइरहेको छ । यस कार्यक्रमले बालशिक्षा तथा बालविकास कार्यक्रमको सुदृढीकरण गरी यस निबद्ध शैक्षणिक ढाँचाको तर्जुमा गरेको छ । यसका लागि पढाइ सीप विकास कार्यक्रमको तर्जुमा गरिएको छ । यस कार्यक्रममा पढाइ सीप विकास गर्ने हेतुले सामग्री विकास गर्ने, उत्पादन गर्ने तथा वितरण गर्ने, शिक्षकको पेसागत विकास र शिक्षकलाई शैक्षणिक सहयोग गर्ने, निरन्तर मूल्याङ्कन र उपचारात्मक सहयोगमा जोड दिने गरी सहयोग गर्ने, सामुदायिक विकास र सहयोग कार्यक्रम सञ्चालन गर्ने, अनुसन्धान, अनुगमन र मूल्याङ्कन गर्ने एवम् समग्रमा पढाइ सक्षमता विकास गर्ने दृष्टि राखिएको छ ।

यस कार्यक्रमलाई तीन चरणमा कार्यान्वयनमा ल्याइने योजना बनाइएको छ : क) पहिलो चरणमा प्राथमिकताका ६ जिल्ला (सप्तरी, भक्तपुर, मनाङ, कास्की, बाँके र कञ्चनपुर) सहित १६ जिल्लामा, ख) दोस्रो चरणमा २४ जिल्लामा र ग) तेस्रो चरणमा ३५ जिल्लामा कार्यक्रमलाई विस्तार गरी पूर्ण रूपमा नेपालभर कार्यान्वयनमा ल्याउने गरी योजना बनाइएको छ । यस कार्यक्रमले कक्षा १-३ का लागि आवश्यक शैक्षणिक ढाँचा तथा सामग्री विकास गर्ने, शिक्षकको पेसागत विकास र सहयोग गर्ने, विद्यार्थी मूल्याङ्कन गर्ने, अनुसन्धान, अनुगमन र मूल्याङ्कन गर्ने लगायतका कार्य गर्ने लक्ष्य लिएको पाइन्छ । यस कार्यक्रमले प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका रूपमा सामान्य र पढाइ सिद्धान्त अघि सारेको पाइन्छ । जसमध्ये सामान्य सिद्धान्तअन्तर्गत समतामूलक गुणस्तरको शिक्षा, विद्यार्थीका लागि सिकाइमा बढी समय, विद्यार्थीको सक्रिय सिकाइ, विद्यार्थीको सिकाइप्रति पद्धतिगत उत्तरदायित्व, शिक्षकको पेसागत विकासको निरन्तरता, दोहोऱ्याउन र अभ्यास गर्न पर्याप्त समय, स्पष्ट लक्ष्यका आधारमा नियमित मूल्याङ्कन लगायतको चर्चा गरिएको छ भने पढाइ सिद्धान्तअन्तर्गत बालबालिकाले तिनको पहिलो भाषामा साक्षरता हासिल गर्नुपर्ने, विद्यार्थीले आधारभूत दक्षता हासिल नगरेसम्म त्यस्ता अपरिचित भाषालाई माध्यम भाषाका रूपमा प्रयोग गर्न नहुने, नेपाली भाषा (विषयका रूपमा मातृभाषा पढाइ हुने स्थानमा मातृभाषाको शिक्षणलाई) प्रत्येक दिन पर्याप्त शिक्षण समय प्रदान गर्नुपर्ने, नेपाली भाषा शिक्षणका लागि १२ घण्टी प्रति हप्ता प्रदान गर्नु श्रेयस्कर हुने तर १० घण्टी प्रति हप्ताभन्दा कम कुनै पनि हालतमा हुन नहुने, त्यसमध्ये आधा समय सस्वर वाचन, सामूहिक वाचन,

शिक्षकद्वारा नमुना वाचन, दौँतरी वाचन, मौन वाचन तथा आनन्दका लागि वाचनजस्ता पढाइका क्रियाकलापलाई प्रदान गर्नुपर्ने, कक्षागत रूपमा पढाइका उपलब्धि सुनिश्चित गर्न समयबद्ध (प्रत्येक हप्ता, महिना र वर्षका लागि) लक्ष्य निर्धारण भएको कार्ययोजना तयार पार्न लगाई सोको पालनामा जोड दिनुपर्ने हुन्छ । पढाइ सीप र अर्थ बोध दुवैलाई सन्तुलित रूपमा जोड दिनुपर्ने, मौखिक भाषाको विकास तथा पढाइ र लेखाइबिच अन्तरसम्बन्ध रहने हुँदा तिनीहरू एक अर्काको विकासमा परिपूरक हुने, पढाइका कार्यक्रमले भाषाका सबै खाले सीपको विकासमा बल प्रदान गर्नुपर्ने, कक्षा १ र २ मा आवाज र सङ्केतको अन्तर सम्बन्धका लागि ध्वनि शिक्षणको आवश्यकता पर्ने, पढाइको गति बढाउने काममा जोड दिनुपर्ने लगायतका सिद्धान्तहरू उल्लेख गरिएको छ ।

यस कार्यक्रमले प्रारम्भिक कक्षाहरूमा पढाइ सीपको उपलब्धि न्यून गराउने प्रमुख चुनौतीपूर्ण तत्त्वहरूका रूपमा पद्धतिगत तत्त्वहरू (नेपाली भाषा शिक्षणका लागि छुट्याइएको समयको अपर्याप्तता, विद्यालय भर्ना हुन आउँदा नेपाली भाषाको बुझाइमा समस्या भएका विद्यार्थीहरूलाई सहयोग गर्ने स्पष्ट रणनीतिको अभाव, अपर्याप्त अनुगमन, सुपरिवेक्षण तथा प्राज्ञिक सहयोग, शिक्षकको पेसागत विकासका रणनीतिहरू प्रभावकारी हुन नसक्नु, सिकाइ उपलब्धिप्रति अपर्याप्त ध्यान र विद्यार्थी सिकाइप्रति उत्तरदायित्व बोधको अभाव, विद्यालयमा गरिने मूल्याङ्कन पद्धति सीप तथा उपलब्धिमुखी नहुनु, सिकाइका लागि आवश्यक न्यूनतम सर्त पूरा नहुनु, भाषाका पाठ्यक्रमले पढाइलाई छुट्टै र महत्त्वपूर्ण अवयवका रूपमा पहिचान नगरिनु, पाठ्यपुस्तकका पनि केही सीमाहरू रहनु) र शिक्षण-सिकाइ सम्बन्धी पक्षहरू (वास्तविक काममा कम समय दिनु, शिक्षण सिकाइ प्रक्रिया शिक्षक केन्द्रित हुनु, शिक्षकहरू विद्यार्थीको पढाइको स्तरअनुरूप शिक्षण नगर्नु, पढाइ सीप सिकाउने सन्तुलित र समग्र पद्धतिको खाँचो हुनु) उल्लेख गरेको छ ।

राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकार शिक्षा मन्त्रालय, शैक्षिक जनशक्ति विकास केन्द्रले प्रारम्भिक कक्षामा पठन सीप विकास शिक्षक स्रोत सामग्री प्रकाशित गरेको पाइन्छ । यस सामग्रीमा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको परिचय, पठन सीप र यसका आयामहरू, पढाइ सिकाइ सहजीकरण सामग्री, पढाइ सिकाइ सहजीकरण सम्बद्ध विधि, पढाइ सीप विकासमा विभिन्न सरोकारवालाहरूको भूमिका लगायतका विषयहरू समेटिएको छ । त्यस्तै यसको प्रभावकारी कार्यान्वयनका लागि पाठ्यक्रम विकास केन्द्रद्वारा कक्षा १, २ र ३ का लागि शिक्षक निर्देशिका तयार पारिएको पाइन्छ जसमा पढाइका तत्त्वहरू : ध्वनि सचेतीकरण, लेख्य वर्ण सचेतीकरण, शब्दभण्डार, पठनप्रवाह, बोध र लेखाइको शिक्षण तौरतरिकाका अतिरिक्त समयसमेत निर्धारण गरिएको छ । उदाहरणका लागि कक्षा एकको 'ताराबाजी लै लै गीत' शिक्षणका क्रममा पढाइ सीपअन्तर्गत ध्वनि सचेतीकरणका लागि ३० मिनेट, बोधका लागि ३० मिनेट र लेखाइका लागि ३० मिनेट निर्धारण गरिएको छ भने कक्षा दुईमा वाक्यमा शब्द पहिचान शिक्षणका लागि ध्वनि सचेतीकरणका लागि १० मिनेट, लेख्य वर्ण सचेतीकरणका लागि २५ मिनेट, पठन प्रवाहका लागि १५ मिनेट, शब्दभण्डारका लागि १५ मिनेट, बोधका लागि २० मिनेट र लेखाइका लागि ५ मिनेट निर्धारण गरिएको छ । यही तरिकाले एक दिनको ९० मिनेटको नेपाली पिरियड पूरा गर्नुपर्ने व्यवस्था मिलाइएको छ । यस किसिमको समय विभाजन पाठ्यवस्तुअनुसार फरक-फरक निर्धारण गरिएको देखिन्छ ।

## ५ शिक्षकहरूबाट प्राप्त प्रतिक्रियाको विश्लेषण

राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम लागु भएपछि प्रारम्भिक कक्षा (१, २ र ३) का लागि अलग्गै अभ्यासपुस्तिका, शिक्षक निर्देशिका तथा शैक्षिक सामग्रीको समेत व्यवस्था गरिएको छ । यसको प्रभावकारी कार्यान्वयनका लागि अध्यापनरत शिक्षकहरूलाई तालिमसमेत प्रदान गरिएको छ । विद्यमान प्राथमिक तहको पाठ्यक्रम, प्रारम्भिक कक्षाका लागि निर्धारण गरेका विषय, नेपाली विषयका लागि निर्दिष्ट गरेको पाठ्यभार, प्रारम्भिक कक्षामा निर्धारित विषयहरूको औचित्य, तिनको पाठ्यभार वितरण, प्राथमिक तहको विद्यमान पाठ्यक्रमअनुसार विद्यालयमा अध्यापन गर्दा शिक्षकले महसुस गरेका चुनौतीहरू, तिनको समाधानका उपायहरू, नेपाली विषयको पाठ्यभार विभाजनप्रतिको दृष्टिकोण, स्थानीय विषय वा मातृभाषा शिक्षणको अवस्था, राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको शैक्षणिक ढाँचा, यसको कार्यान्वयन, कार्यान्वयनका अवरोधक र सहयोगी पक्षहरूबारे सम्बन्धित कक्षामा अध्यापनरत शिक्षकहरूको केकस्तो धारणा एवम् प्रतिक्रिया रहेको छ भन्ने बारे अध्ययन गर्न प्रश्नावलीको निर्माण गरिएको थियो । उक्त प्रश्नावलीबाट प्राप्त प्रतिक्रियाको अध्ययन विश्लेषण यसअन्तर्गत गरिएको छ :

- *प्रारम्भिक कक्षाको विद्यमान पाठ्यक्रममा निर्धारित विषय र पाठ्यभार विभाजनका आधार सम्बन्धमा प्राप्त प्रतिक्रिया*

  यस सम्बन्धमा श्री गणेश माध्यमिक विद्यालयमा अध्ययनरत शिक्षकलाई सोध्दा वर्तमान प्रारम्भिक कक्षाको पाठ्यक्रममा नेपाली, अङ्ग्रेजी, गणित, सामाजिक शिक्षा तथा सिर्जनात्मक कला, विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा तथा स्थानीय विषय वा मातृभाषा लगायतका विषयहरू आवश्यकताका आधारमा निर्धारण गरिएको हुनसक्ने प्रतिक्रिया प्राप्त भयो । नेपाली विषय पठनपाठनको माध्यम भएको र अन्य विषय सामान्य ज्ञान दिने उद्देश्य सम्बद्ध भएकाले नेपाली विषयका लागि बढी पाठ्यभार (८) तय गरिएको हुनसक्ने विचार प्राप्त भयो ।

- *प्रारम्भिक कक्षाका लागि राखिएका ६ वटा विषयको औचित्य सम्बन्धमा गरिएको प्रश्नमा प्राप्त प्रतिक्रिया*

  यस सम्बन्धमा प्रारम्भिक कक्षामा राखिएका नेपाली, अङ्ग्रेजी, गणित, सामाजिक शिक्षा तथा सिर्जनात्मक कला, विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा र स्थानीय विषय वा मातृभाषा लगायतका ६ वटा विषयहरूको औचित्य रहेको प्रतिक्रिया प्राप्त भयो । यसको कारणका रूपमा नेपाली भाषा माध्यम भाषा भएकाले, अङ्ग्रेजी भाषा अन्तर्राष्ट्रिय भाषा भएकाले, सामाजिक विषय समाज सम्बन्धी ज्ञान प्रदान गर्ने विषय भएकाले, स्वास्थ्य विषय स्वास्थ्य सम्बन्धी जानकारी प्रदान गर्ने भएकाले, गणित र विज्ञान विषय व्यावहारिक ज्ञान प्रदान गर्ने भएकाले र स्थानीय विषय स्थानअनुसारको ज्ञान दिन आवश्यक रहेकाले औचित्यपूर्ण रहेको दृष्टिकोण प्राप्त भयो ।

- *प्रारम्भिक तहको पाठ्यक्रमको पूर्णाङ्कअनुसार पाठ्यभार वितरण नरहेको सम्बन्धमा सोधिएको प्रश्नमा प्राप्त प्रतिक्रिया*

यस प्रश्नमा शिक्षकबाट पूर्णाङ्कअनुसार समान पाठ्यभार नहुनु सामान्यतया उपयुक्त नै भएको विचार प्राप्त भयो । साथै स्थानीय विषय वा मातृभाषालाई या त पाठ्यभार बढाउनुपर्ने वा यसको पूर्णाङ्क ५० गर्नुपर्ने धारणा प्राप्त भयो ।

- *प्रारम्भिक तहको विद्यमान पाठ्यक्रमअनुसार विद्यालयमा पठनपाठन गर्दा देखापरेका चुनौती र समाधानका उपाय सम्बन्धमा गरिएको प्रश्नमा प्राप्त प्रतिक्रिया*

यस सम्बन्धमा विद्यालयमा पठनपाठन गर्दा विद्यार्थी सङ्ख्या, अभिभावकको असचेतता, विद्यार्थी पृष्ठभूमि, व्यक्तिगत भिन्नता, पुनर्ताजगी तालिमको कमी, सहयोगी शिक्षकको अभाव र थप सुविधा नहुनुलाई चुनौतीका रूपमा व्यक्त गरेको पाइयो भने समाधानका लागि यी सबैको उपयुक्त सम्बोधन हुनुपर्ने दृष्टिकोण प्राप्त भयो ।

- *नेपाली भाषाको पठन सीप विकासका दृष्टिले निर्दिष्ट विषय र पाठ्यभार विभाजन के कति व्यावहारिक छ भन्ने प्रश्नमा प्राप्त प्रतिक्रिया*

यस सम्बन्धमा प्रारम्भिक कक्षाका लागि निर्धारित विषय र पूर्णाङ्क सामान्यतः उपयुक्त नै रहेको प्रतिक्रिया प्राप्त भयो । स्थानीय विषय वा मातृभाषाका सम्बन्धमा भने पूर्णाङ्क घटाउनुपर्ने विचार प्राप्त भयो ।

- *प्रारम्भिक तहका विषयको पाठ्यभार परिवर्तन बारे सोधिएको प्रश्नमा प्राप्त प्रतिक्रिया*

यस सम्बन्धमा शिक्षकबाट स्थानीय विषय वा मातृभाषाको पाठ्यभारअनुसार पूर्णाङ्क निर्धारण गर्नु उचित हुने, स्थानीय मातृभाषाभन्दा अतिरिक्त गणित वा अङ्ग्रेजी राख्नु राम्रो हुने, नेवार मातृभाषीबाहेकका अन्य विद्यार्थी कक्षामा अधिक रहेकाले स्थानीय भाषा पढाउन कठिन रहेको प्रतिक्रिया प्राप्त भयो ।

- *विद्यमान पाठ्यक्रममा स्थानीय विषय वा मातृभाषाको पठनपाठनको अवस्था सम्बन्धमा सोधिएको प्रश्नमा प्राप्त प्रतिक्रिया*

यस सम्बन्धमा शिक्षकबाट श्री गणेश माध्यमिक विद्यालयमा मातृभाषाको पठनपाठन नरहेको, उक्त विषयको पिरियडमा अतिरिक्त अङ्ग्रेजी र गणित विषयको पठनपाठन गराइएको र यसका पछाडि विद्यालयीय प्रतिस्पर्धा, अभिभावकको चाहना, समयको माग आदि रहेको प्रतिक्रियामा प्राप्त भयो ।

- *स्थानीय विषय वा मातृभाषालाई पठनपाठन नगर्नुको कारण सम्बन्धमा सोधिएको प्रश्नमा प्राप्त प्रतिक्रिया*

यस सम्बन्धमा शिक्षकबाट कक्षाकोठामा मिश्रित विद्यार्थी रहनु, अभिभावकको चाहना अङ्ग्रेजी र गणित हुनु, समयको माग पनि त्यस्तै हुनुलाई स्थानीय विषय वा मातृभाषा पठनपाठन गर्न नसकिएको कारणका रूपमा प्रतिक्रिया प्राप्त भयो ।

- *विद्यालयमा स्थानीय विषय वा मातृभाषालाई उपयुक्त किसिमले व्यवहारमा ल्याउनका लागि आवश्यक सुधार सम्बन्धमा सोधिएको प्रश्नमा प्राप्त प्रतिक्रिया*

यस सम्बन्धमा शिक्षकले मातृभाषा सिक्ने निश्चित विद्यार्थीको बाहुल्यता भएमा, स्थानीय विषय वा मातृभाषाको पाठ्यक्रम भएमा, अभिभावकको सोच, चाहना, समयको माग सम्बन्धित विषयप्रति रहेमा निर्धारित विषयको पठनपाठन गर्न सकिने धारणा प्राप्त भयो ।

- *विद्यमान पाठ्यक्रमको विषय र पाठ्यभार परिवर्तन सम्बन्धमा राखिएको जिज्ञासामा प्राप्त प्रतिक्रिया*

यस सम्बन्धमा शिक्षकबाट स्थानीय विषय वा मातृभाषाका लागि पाठ्यभार ४ र पूर्णाङ्क ५० हुनुपर्ने, नेपाली विषयलाई पढाइका तत्त्वहरूअनुसार पढाउन पाठ्यभार १२ आवश्यक रहेको, अन्य विषयको पाठ्यभार चाहिँ ठीकै रहेको प्रतिक्रिया प्राप्त भयो ।

- *राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले निर्धारण गरेका पढाइका ६ वटा तत्त्वहरूअनुसार शिक्षण गर्न विद्यमान पाठ्यक्रमले व्यवस्था गरेको ८ घण्टीको परिधिमा शिक्षण सम्भव होला भन्ने प्रश्नमा प्राप्त प्रतिक्रिया*

यस सम्बन्धमा अध्यापनरत शिक्षकबाट साप्ताहिक ८ पाठ्यभारमा पढाइका सबै तत्त्वहरूअनुसार शिक्षण गर्न सम्भव नहुने प्रतिक्रिया प्राप्त भयो । पढाइका सबै तत्त्वअनुसार प्रभावकारी शिक्षण गर्नका लागि ९० मिनेट नै आवश्यक रहेको धारणा प्राप्त भयो ।

- *बालबालिकाको पठन सीपको विकास गर्न नेपाली विषयका लागि के कति पाठ्यभार आवश्यक पर्ला र त्यसको व्यवस्था कसरी गर्न सकिएला भन्ने प्रश्नमा प्राप्त प्रतिक्रिया*

यस सम्बन्धमा शिक्षकबाट बालबालिकाको पठन सीप विकास गराउन नेपाली विषयका लागि साप्ताहिक पाठ्यभार १२ हुनुपर्ने विचार प्राप्त भयो । यसको व्यवस्थापनका लागि वर्तमानमा व्यवहृत समयका अतिरिक्त ३:१५ बजेदेखि ४:०० बजेसम्मको समयसमेत उपयोग गर्न सकिने धारणा प्राप्त भयो । यसो गर्दा अन्य विषयको अध्यापनमा समेत सहजता हुने दृष्टिकोण प्राप्त भयो ।

- *राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको शैक्षणिक ढाँचाअनुसारको शिक्षणको व्यवस्था कसरी मिलाउनु भएको छ भन्ने जिज्ञासामा प्राप्त प्रतिक्रिया*

यस सम्बन्धमा शिक्षकबाट अध्यापन गरिरहेको विद्यालयमा ९० मिनेट नै नेपाली विषयको शिक्षण गरिरहेको जानकारी प्राप्त भयो । यस क्रममा चार वटा विद्यालयले ९० मिनेटको एउटै पिरियड निर्धारण गरी शिक्षण गरिरहेको र ६ वटा विद्यालयले ४५ मिनेटका दुई पिरियड निर्धारण गरी शिक्षण गरिरहेको पाइयो ।

- *राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको ढाँचानुसार समयको व्यवस्थापन गर्दा प्राप्त अनुभवहरू सम्बन्धमा सोधिएको प्रश्नमा प्राप्त प्रतिक्रिया*

यस सम्बन्धमा शिक्षकबाट राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको ढाँचानुसार समय व्यवस्थापन गरी पढाउँदा पढाइका ६ वटै तत्त्वहरू : ध्वनि सचेतीकरण, लेख्य वर्ण सचेतीकरण,

शब्दभण्डार, पठनप्रवाह, बोध र लेखाइसम्बन्धी सीपहरूको विकास गराउन सकिएको जानकारी प्राप्त भयो ।

- *राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको ढाँचानुसार समयको व्यवस्थापन गरी पढाउँदा देखापरेका चुनौती र समाधानका उपाय सम्बन्धमा सोधिएको प्रश्नमा प्राप्त प्रतिक्रिया*

यस सम्बन्धमा शिक्षकबाट राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको ढाँचानुसार समयको व्यवस्थापन गरी पढाउँदा विद्यार्थीको सङ्ख्या बढी हुनु, भिन्न-भिन्न पृष्ठभूमिका विद्यार्थी हुनु, व्यक्तिगत भिन्नता हुनु, विद्यालय छाड्ने र बीचमा आउने प्रवृत्ति रहनु, सहयोगी शिक्षकको अभाव हुनु लगायतलाई चुनौतीका रूपमा र यिनको सम्बोधनलाई समाधानका रूपमा उल्लेख गरेको पाइयो ।

- *राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको ढाँचानुसार नेपाली विषयको घण्टी बढाउने उपाय सम्बन्धमा सोधिएको प्रश्नमा प्राप्त प्रतिक्रिया*

यस सम्बन्धमा शिक्षकबाट नेपाली विषयको घण्टी वृद्धि गर्नका लागि ३:१५ देखि ४:०० बजेसम्मको समय उपयोग गर्नुपर्ने वा स्थानीय विषय वा मातृभाषालाई दिइएको समय उपयोग गर्नुपर्ने दृष्टिकोण प्राप्त भयो ।

- *राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको ढाँचानुसार बालबालिकालाई पढाउनका लागि नेपाली विषयलाई साप्ताहिक रूपमा कति घण्टी दिनुपर्छ र त्यसको समय कति मिनेटको हुनुपर्छ भन्ने प्रश्नमा प्राप्त प्रतिक्रिया*
- यस सम्बन्धमा शिक्षकबाट नेपाली विषयका लागि साप्ताहिक *रूपमा* १२ पाठ्यभार दिनुपर्ने धारणा प्राप्त भयो । साथै प्रत्येक पिरियड ९० मिनेटको हुनुपर्ने धारणा प्राप्त भयो ।
- *प्रारम्भिक कक्षाका विद्यार्थीहरूको पठन सीप विकास गर्न अवरोध एवम् सहयोग पुऱ्याउने पक्षहरू सम्बन्धमा सोधिएका प्रश्नमा प्राप्त प्रतिक्रिया*
- यस सम्बन्धमा शिक्षकबाट विद्यार्थीहरूको पठन सीप विकासमा उनीहरूको व्यापक संख्या, वैयक्तिक विविधता, पारिवारिक परिवेश, विद्यालय छाड्ने आउने क्रम, समयमै शैक्षिक सामग्री उपलब्ध नहुनु आदिलाई अवरोध पुऱ्याउने कारणका रूपमा र प्राप्त शैक्षिक सामग्री, योजनासहितका अभ्यास पुस्तिका, शिक्षक निर्देशिका र उपलब्ध समय (विद्यालयले व्यवस्था गरेको ९० मिनेट) लाई सहयोग पुऱ्याउने पक्षहरूका रूपमा उल्लेख गरेको पाइयो ।
- *नेपाली भाषा शिक्षणका बारेमा सोधिएका उल्लिखित प्रश्नले नसमेटेका कुरा भए वा केही भन्नु छ भने भनी राखिएको जिज्ञासामा प्राप्त प्रतिक्रिया*

यस सम्बन्धमा शिक्षकबाट त्यस्तो विशेष कुरा छुटे जस्तो नलागेको तर राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम चलेका जिल्लाका विद्यालयको पठनपाठनको अवस्था र तौरतरिका हेर्न पाए केही कुरा सिकिने र थप प्रभावकारी तवरले शिक्षण गर्न मद्दत मिल्ने धारणा व्यक्त गरेको पाइयो ।

## ६. निष्कर्ष

यस प्रकार राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम नेपालका आधरभूत तह (कक्षा १-३) का विद्यार्थीहरूको पढाइ क्षमता विकासका लागि कार्यान्वयनमा ल्याइएको कार्यक्रमका रूपमा देखा पर्दछ । पञ्चवर्षीय कार्यक्रमका रूपमा कार्यान्वयन गरिएको यस कार्यक्रमबाट नेपालका विद्यालय तहअन्तर्गत कक्षा एकदेखि तीनसम्म अध्ययरत विद्यार्थीहरूको पढाइ क्षमतामा अपेक्षित सुधार आउने अपेक्षा गरिएको छ । यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पर्ने शैक्षिक सामग्रीहरूका अतिरिक्त शिक्षकहरूलाई तालिम तथा समय-समयमा यसको अध्यापन अवस्थाको अनुगमनसमेत गर्ने गरिएको पाइन्छ । यस कार्यक्रमप्रति शिक्षकहरूका प्रतिक्रियालाई दृष्टिगत गर्दा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको मर्मअनुसार नेपाली विषय शिक्षण गर्नका लागि विद्यमान पाठ्यक्रममा व्यवस्था रहेको साप्ताहिक ८ पाठ्यभार र ४५ मिनेटको पिरियड अपुग रहेको अभिमत प्राप्त भयो । यसको प्रभावकारी कार्यान्वयनका लागि साप्ताहिक पाठ्यभार १२ तय गर्नुपर्ने र प्रति पिरियड ९० मिनेटको समय व्यवस्था गर्नुपर्ने विचार व्यक्त गरेको पाइयो । साप्ताहिक रूपमा १२ पाठ्यभार र ९० मिनेटको समय व्यवस्थापनका लागि स्थानीय विषय वा मातृभाषाको पिरियड उपयोग गर्नुपर्ने वा ३:१५ देखि ४:०० बजेसम्मको समय उपयोग गर्नुपर्ने धारणासमेत प्राप्त भयो । यस तथ्यबाट के प्रष्ट हुन्छ भने राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको अपेक्षानुसार बालबालिकाको पढाइ क्षमता विकास गर्नका लागि कार्यक्रमकै मर्म र योजनानुसारको पाठ्यभार र पिरियड समय निर्धारण गर्नुपर्ने देखिन्छ ।

## सन्दर्भ सामग्री सूची


अधिकारी, बलराम (२०६९), *प्राथमिक शिक्षाका सैद्धान्तिक पक्षहरू,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

पराजुली, तीर्थराज र बालकृष्ण अधिकारी (२०७१), *नेपालमा प्राथमिक शिक्षा*, काठमाडौं : सनलाइट पब्लिकेसन ।

*राष्ट्रिय पाठ्यक्रम प्रारूप* (२०७१), भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

पाठ्यक्रम विकास केन्द्र (२०७४), *शिक्षक निर्देशिका नेपाली कक्षा १*, सानोठिमी भक्तपुर : स्वयम् ।

पाठ्यक्रम विकास केन्द्र (२०७४), *शिक्षक निर्देशिका नेपाली कक्षा २*, सानोठिमी भक्तपुर : स्वयम् ।

पाठ्यक्रम विकास केन्द्र (२०७४), *शिक्षक निर्देशिका नेपाली कक्षा ३*, सानोठिमी भक्तपुर : स्वयम् ।

मल्ल, कोमलावदन, श्रेष्ठ तारामान, भोमी, अरबिन्द लाल, श्रेष्ठ, प्रकाशमान र शाक्य, सिद्धिरत्न, (२०५४), *नेपालमा प्राथमिक शिक्षा,* डीनको कार्यालय, शिक्षाशास्त्र सङ्काय, त्रि. वि. ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६०), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

शिक्षा मन्त्रालय, नेपाल सरकार (२०७०), *राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम* (२०७०) काठमाडौं : स्वयम् ।

शिक्षा विभाग (२०७४), *राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन मार्गदर्शन,* सानोठिमी भक्तपुर : स्वयम् ।

शैक्षिक जनशक्ति विकास केन्द्र, (२०७३), *प्रारम्भिक कक्षामा पठन सीप विकास शिक्षक स्रोत सामग्री,* सानोठिमी भक्तपुर ।